जयपृथ्वी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

चैनपुर,बझाङ

सुदूरपश्चिम प्रदेश नेपाल

पत्र संख्याः २०८०/०८१

च.नः

मिति : २०८०/१२/१३

ने.सं.- ११४४ चिल्लागा, १ मंगलबार

**विषय : विद्यालयको लेखा परीक्षणका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

**दोस्रो पटक प्रकाशित सूचना : २०८०।१२।१३**

प्रस्तुत विषयमा यस जयपृथ्वी नगरपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयहरु र सामुदायिक सिकाई केन्द्रहरुको आर्थिक वर्ष २०७९/०८० को लेखा परीक्षण गर्ने प्रयोजनका लागि नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्थामा दर्ता भएका लेखा परीक्षकहरुबाट निवेदन पत्र माग गर्नु पर्ने भएको हुँदा इच्छुक लेखा परीक्षकहरुले **जयपृथ्वी नगरपालिका विद्यालय लेखापरीक्षण कार्यविधि,२०८० अनुसार लेखापरीक्षण हुने भएकाले** यो सुचना प्रकाशन भएको मितिले ७(सात) दिन भित्र तपसिलका कागजातहरु सहित यस न.पा.को शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यालय समय भित्र निवेदन पत्र दर्ता गराउन हुन यो सुचना प्रकाशन गरिएको छ ।

**अम्मरराज जोशी**
**प्रमुख प्रशासकिय अधिकृत**

अम्मर राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

**तपसिल**

१. सम्बन्धित लेखा परीक्षकको निवेदन,
२. नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
३. स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
४. आ.व.२०७९/०८० को कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
५. लेखा व्यवसायी फर्म वा संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
६. आ.व.२०८०/०८१ सम्मको लाइसेन्स तथा लेखा व्यवसायी नविकरण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
७. कर्मचारीको हकमा विभागीय स्वीकृती पत्रको प्रतिलिपि
८. सम्बन्धित लेखापरीक्षकले कुनै पनि स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपि

**नोट : रित नपुगेका निवेदन उपर कुनै कारबाही हुनेछैन ।**

**बोधार्थ** : श्री सूचना प्रविधि शाखा : Website र Facebook page मा Upload गरिदिनहुन ।